८१६

# राष्ट्रिय सूचना आयोगको
## आदेश
मु.नं. २४६/२०७१/०७२

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स.५ स्थायी घर भई हाल फ्रिडम फोरम, थापाथली, पो.ब.नं. २४२९२, काठमाडौं बस्ने वर्ष ३२ को नोदनाथ त्रिताल समेत ....................................................१ निवेदक

**विरूद्ध**

कार्यालय प्रमुख, २ नं. डिभिजन सडक डिभिजन कार्यालय, हेटौडा, मकवानपुर ....................१ विपक्षी
सूचना अधिकारी, २ नं. डिभिजन सडक डिभिजन कार्यालय, हेटौडा, मकवानपुर ....................१

विषय :- कानून बमोजिम कारवाही गरी सूचना उपलब्ध गराई पाउँ ।

जिल्ला धनकुटा कुरुले तेनुपा गा.वि.स.५ स्थायी घर भई हाल फ्रिडम फोरम, थापाथली, पो.व.नं. २४२९२, काठमाडौं बस्ने वर्ष ३२ को नोदनाथ त्रिताल समेतले २ नं. डिभिजन सडक डिभिजन कार्यालय, हेटौडा, मकवानपुर समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।०९।०३ मा निवेदन गरेको र यस आयोगबाट मिति २०७१।०९।२४ को आदेश बमोजिम २ नं. डिभिजन सडक डिभिजन कार्यालय, हेटौडा, मकवानपुरको मिति २०७१।१०।२८, च.नं. ५४०, प.स. प्रशासन/०७१/०७२ को पत्र मार्फत निवेदकले माग गरेको सूचना निवेदकलाई उपलब्ध गराउने जानकारी पत्र आयोगमा प्राप्त हुन आएकोले यस सम्वन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्ने । यसको जानकारी निवेदकलाई दिनू ।

यशोदा देवी तिम्सिना
(सूचना आयुक्त)

किरण कुमार पोखरेल
(सूचना आयुक्त)

कृष्णहरि बाँस्कोटा
(प्रमुख सूचना आयुक्त)

इति सम्वत् २०७१ साल फागुन १४ गते रोज ५ शुभम् ।